# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७५।०३।१७ गते

# प्रेस विज्ञप्ति
### विषयः आरोप-पत्र दायर गरिएको ।

-----------------------------------------------------

जिल्ला बाँके साविक वेलभार गाविस वडा नं.८ हाल जानकी गाउँपालीका वडा नं.२ स्थित श्री माध्यमिक विद्यालयका विद्यालय व्यवस्थापन समितिका तत्कालीन अध्यक्ष हरिचन्द्र काँदुले उक्त पदमा निर्वाचित हुँदा पेश गरेको शैक्षिक योग्यताको प्रमाण-पत्र नक्कली भएको हुँदा छानबिन गरिपाउँ भन्ने व्यहोराको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा निजले उक्त पदमा निर्वाचित हुँदा पेश गरेको माध्यमिक शिक्षा परिषद, क्षेत्रीय कार्यालय वाराणसी भारतबाट हाईस्कूल तह उत्तीर्ण गरेको शैक्षिक योग्यताको प्रमाण-पत्र झुठ्ठा एवं नक्कली रहेको देखिन आएको हुँदा निजको उक्त कार्य भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १६ को उपदफा (१) अनुसारको कसुर भएको देखिन आएको हुँदा निजलाई भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १६ को उपदफा (१) बमोजिम जरिवाना र कैद सजाय हुन मागदाबी लिइ आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(मदन कोइराला)
सहायक प्रवक्ता एवं सूचना अधिकारी